# बालबालिकाको अधिकार हामी सबै नै जिम्मेवार



एसओएस
बालग्राम
नेपाल

सवै बालवालिकाका लागि मायालु घर



बालअधिकारको स्थापना, प्रवर्द्धन र सम्बर्द्धनमा योगदान दिने
सम्पूर्ण नागरिकहरूप्रति समर्पण .... !



# बालबालिकाको अधिकार...हामी सबै नै जिम्मेवार


**संयोजन/सम्पादन :**

रबिन नेपाली
रमण घिमिरे
चन्द्रिका खतिवडा
मधु सुधन दवाडी
निना महर्जन
खगेन्द्रकुमार नेपाल
उपेन्द्र मल्ल
रेश्मा श्रेष्ठ
दीपा ओली

**चित्र/लेआउट :**

सूर्यनारायण श्रेष्ठ

**फोटो :**

एसओएस फोटो अभिलेख

**प्रकाशक :**

एसओएस बालग्राम नेपाल

**पत्राचारका लागि ठेगाना :**

एसओएस बालग्राम नेपाल, मध्यपुर-२, थिमी
पो.ब.नं. ७५७, काठमाडौं, फोन नं. ६६३०३९१
ईमेलः info@sosnepal.org.np

**मुद्रण :**

यूनाइटेड मल्टी प्रिन्टर्स प्रा. लि.
हात्तीवन, ललितपुर- २३
फोन नं. ५२५००१७/१८




## विषय–सूची

**खण्ड क**


१ शुभकामना सन्देश- मिलन धरेल/कार्यकारी निर्देशक, राष्ट्रिय बालअधिकार परिषद् ५
२ शुभकामना सन्देश- गौरी प्रधान/बालअधिकार अभियन्ता ७
३ शुभकामना सन्देश- डा. ज्योतिरत्न धाख्वा/अध्यक्ष, एसओएस बालग्राम नेपाल १०
४ शुभकामना सन्देश- ईश्वरीप्रसाद शर्मा/राष्ट्रिय निर्देशक, एसओएस बालग्राम नेपाल १२
५ शुभकामना सन्देश- प्रतिक्षा पौडेल/अध्यक्ष, एसओएस बालक्लब सञ्जाल नेपाल १४

**खण्ड ख**

- बालअधिकारसम्बन्धी घोषणा-पत्र १७
- बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का मुख्य सिद्धान्त १९
- बालअधिकारसम्बन्धी महासन्धि, १९८९मा भएका धाराहरू २०

**खण्ड ग**

- नेपालको संविधान (२०७२) मा बालबालिकाको हक-अधिकारबारे गरिएको व्यवस्था ३७
- संविधान र कानुनले बालबालिकाबाट गरेका अरू अपेक्षाहरू ४२

**खण्ड घ**

- क) एसओएस बालग्राम के हो ? ४५
- ख) यो संस्था अरू संस्थाभन्दा कसरी फरक छ ? ४६
- ग) एसओएस बालग्रामले कसका लागि काम गर्दछ ? ४७
- घ) एसओएस बालग्रामका विभिन्न कार्यक्रमलाई कसरी सघाउन सकिन्छ ? ४९

**खण्ड ङ**

- प्रकाशकीय ५३




# खण्ड क





# शुभकामना सन्देश

एसओएस बालग्राम नेपालले नेपाली बालबालिकाहरूका लागि बालअधिकार महासन्धि, नेपालको संविधान तथा बालबालिकासम्बन्धी ऐन २०७५ ले गरेका व्यवस्थाहरूका बारेमा बालमैत्री भाषामा बालबालिकाहरूले गरेका उदहारणीय कार्यहरू समेटेर उदाहरणसहित यो पुस्तक प्रकाशन गर्न सफल भएकोमा राष्ट्रिय बालअधिकार परिषद् तथा म आफ्नो व्यक्तिगततर्फबाट समेत हार्दिक बधाई र धन्यवाद ज्ञापन गर्दछु ।

आमरूपमा अधिकारमुखी अभियानहरूले अधिकारको दाबीको मात्र प्रचार–प्रसार गर्ने गरेको पाइन्छ, यसको परिणाम सशक्तीकरणका दृष्टिले उपयोगी नै भए पनि नागरिक शिक्षा र कर्त्तव्य अनि ज्ञानको प्रचार नहुँदा अराजकता पनि अभ्यास हुने गरेको देखिन्छ । एक अधिकार प्राप्त बालक वा बालिका नै सक्षम नागरिक बन्न सक्दछ भने कर्त्तव्यका बारेमा सचेत र संवेदनशील बालबालिका नै शान्ति, सहकार्य, समता र न्यायपूर्ण, नैतिक, सभ्य समाजको आधारशिला बन्न सक्दछन् ।

एसओएस बालग्रामले प्रकाशन गरेको यस पुस्तकले बालबालिकका लागि कानुनीरूपमा व्यवस्था गरिएका अधिकारका साथै राज्य र समाजले बालबालिकाबाट गरेको अपेक्षा पनि अभिव्यक्त गरिएको छ । साथै बालबालिका स्वयंले सम्पन्न गरेका जिम्मेवारीपूर्ण, लोकतान्त्रिक र शान्तिपूर्ण गतिविधिहरूलाई उदहारणका रूपमा प्रस्तुत गरेर शान्तिपूर्ण लोकतान्त्रिक अभ्यासको प्रवर्द्धन पनि गरेको छ ।

यस किसिमका प्रकाशनहरूले नै बालबालिकामा सुसंस्कृति, सभ्यता र सदाचारका साथै लोकतान्त्रिक संस्कार प्रवर्द्धन गर्ने र सभ्य नागरिकको विकास गर्न मद्दत गर्दछ ।

एसओएस बालग्रामले सम्पादन गरेका धेरै असल कार्यहरूको श्रृङ्खलामा, यो प्रकाशन थप एक उपलब्धिपूर्ण कामको रूपमा अभिलेखवद्ध भएको मैले पाएको छु ।



यस प्रकारका असल अभ्यासहरूको प्रवर्द्धन र पुनरावृत्ति तथा विस्तारको कामनासहित यस पुस्तकको अध्ययन तथा प्राप्त ज्ञानको उपयोगबाट सबै नेपाली बालबालिकाहरू लाभान्वित हुन सक्नुहोस् भन्ने शुभकामना दिन चाहन्छु ।

धन्यवाद !

**मिलनराज धरेल**

कार्यकारी निर्देशक, राष्ट्रिय बालअधिकार परिषद्



# शुभकामना सन्देश

३१ औँ विश्व बालअधिकार दिवसको सन्दर्भ पारेर संयुक्तराष्ट्र बालअधिकार महासन्धिको बालमैत्री स्वरूपमा गर्न खोजेको यो प्रकाशन एक स्वागत योग्य कार्य हो । यस पुस्तिकामा दुई शब्द आफ्ना विचार राख्न अवसर दिनुभएकोमा प्रकाशक एसओएस बालग्राम नेपालप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

संयुक्तराष्ट्र बालअधिकार महासन्धि, १९८९ हालसम्म संसारमा सबै भन्दा धेरै राज्यहरूबाट अनुमोदित एक अन्तर्राष्ट्रिय दस्तावेज हो । त्यस हिसाबबाट भन्नुपर्दा यो महासन्धि संयुक्तराष्ट्र मानवअधिकार विश्वघोषणा-पत्र पछाडि संसारमा सबैभन्दा धेरै भाषाहरूमा अनूवादित दस्तावेज पनि हो भन्न सकिन्छ । साथसाथै, यो संसारमा सबैभन्दा धेरै भाषाहरूमा लेखिएका बालमैत्री अन्तर्राष्ट्रिय कानून पनि हो ।

कानून भन्नासाथ यो एक प्राविधिक बिषय जस्तो लाग्दछ, जुन एक हिसाबबाट सही पनि हो । कानून मूलतः कानूनविद्, न्यायीधश र वकिलहरूको पेसा र व्यवसायसँग गाँसिएको विषेशज्ञताको कुरा हो । तर बालअधिकारको बिषय कानूनविद्हरूले मात्र बुझेर पुग्दैन । यो समाजका सबै नागरिकहरूले बुझ्न र व्यवहारमा कार्यान्वयन गर्नुपर्ने विषय पनि हो । साथसाथै, आम बालबालिकाहरूले पनि यस विषयमा बुझ्ने अवसर पाउनुपर्दछ । यस अर्थमा प्रस्तुत प्रकाशन जुन हिसाबले बालमैत्री स्वरूपमा आउँदै छ, त्यो एक सराहनीय कार्य हो । त्यसका निम्ति म एसओएस बालग्रामलाई धन्यवाद दिन चाहन्छु । तर,  प्रकाशनलाई साँचो अर्थमा बालमैत्री बनाउने हो भने महासन्धिका धाराहरू र यसलाई कसरी व्यवहारमा उतार्ने भन्ने विषयमा उल्लिखित भाषा, शैली र प्रस्तुति सरल, सहज र बालमैत्री हुन आवश्यक छ । यस बिषयमा संसारका धेरै देशहरूमा प्रयत्न र प्रयोग भइसकेको हुँदा त्यसलाई सहज बनाउन त्यति कठिनाइ पनि नहोला । तर कुनै पनि प्रकाशनहरू बालमैत्री ढङ्गले गर्नुपर्दा सम्बन्धित निकायले प्रकाशन गर्नुअगाडि



त्यस विषयमा बालबालिकाहरूका सहभागिताका साथसाथै पूर्वाभ्यास गर्नसके त्यो झनै उत्तम हुनसक्दछ भन्ने मलाई लाग्दछ ।

अधिकार भन्नासाथ त्यो स्वभाविकरूपमा सम्बन्धित समुदाय वा समूहको हक-हित र कल्याणको विषय हो । संयुक्तराष्ट्र बालअधिकार महासन्धिले बालअधिकारको विषयलाई खास केही सिद्धान्तमा आधारित बनाई त्यसलाई प्रस्तुत गर्न खोजिएकको छ । बालबालिकाको अधिकार भन्नासाथ यो मूलतः राज्यको दायित्वको रूपमा हेर्ने-बुझ्ने गरिन्छ । तर कुनै पनि विषयमा अधिकारको कुरा गर्दा त्यसलाई पूरा गर्न राज्य, सरकार, समुदाय, घर-परिवारको मात्र होइन सम्बन्धित अधिकारभोगीहरू वा अधिकार दावीकर्ताहरूको पनि दायित्व हुन्छ भन्ने कुरा हामीले कहिल्यै बिर्सन हुँदैन । यसबारेमा पछिल्लो चरणमा संशोधित बालअधिकार ऐन २०७५ को दफा ७७ मा बालबालिकाको कर्त्तव्यबारे गरिएको व्यवस्था, यस पुस्तिकामा पनि समावेश गर्नु एक राम्रो कुरा हो । यसले अधिकार र कर्त्तव्यको यात्रा सँगसँगै हो भन्ने सिद्धान्तलाई पनि अङ्गीकार गरेको देखिन्छ । बालअधिकार र बालबालिकाबाट अपेक्षा गरिएका कर्त्तव्यका विषयहरूमा उनीहरूलाई सचेत र सुशिक्षित गर्न सबै सम्बन्धित सरोकारवालाहरूले मिहेनत गर्नु पर्दछ । तर कुनै बालबालिकाले निर्वाह गर्नुपर्ने कर्त्तव्यको पाटो कारणवश निर्वाह गरेन वा गर्न सकेनन् भने उनलाई अधिकारबाट वञ्चित गर्न मिल्दैन । बरू उनलाई त्यस विषयमा सचेत गर्न सामाजिकीकरणका सहज उपायहरू अपनाउन सहयोग गर्नु पर्दछ । उनलाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्नु पर्दछ । यस सम्बन्धमा विगतमा भए-गरिएका बालबालिकाको शारीरिक, मानसिक व्यवहार र स्वास्थ्यमा नकारात्मक असर पार्ने कतिपय कामहरू गलत मात्रै छैनन् बरू प्रतिवन्धात्मक पनि हुन् भन्ने कुरा सबै सम्बन्धित पक्षहरू, खासगरी घर-परिवार, विद्यालय, बालगृह, खेलकुद र मनोरञ्जनमा संलग्न सङ्घ-संस्था र ब्यक्तिहरूले जिम्मेवारीपूर्वक ध्यान दिनुपर्ने विषय पनि हो ।

बालअधिकारको कुरा गर्दा, हामीले बालबालिका गर्भमा भएदेखिन् १८ वर्षको उमेर पूरा नभएसम्मको उमेरमा उनको बाँच्न पाउने, संरक्षण,



विकासको साथसाथै सहभागिताको अधिकार कसरी सुनिश्चित गर्ने हो भन्ने विषयमा गम्भीर भएर ध्यान पुऱ्याउन जरूरी छ । संयुक्तराष्ट्र बालअधिकार महासन्धि संसारभरिका बालबालिकाहरूका हक, हित, कल्याण, सहभागिता र सशक्तीकरणलाई सुनिश्चित गर्न बन्दोबस्त गरिएको एक अन्तर्राष्ट्रिय कानुन हो । तर यसको व्यावहारिक कार्यान्वयनमा समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षले पनि दरो प्रभाव पार्ने हुँदा यस विषयमा पनि ध्यान पुऱ्याउन जरूरी छ भन्ने कुरा हामीले कहिल्यै बिर्सन हुँदैन ।

अन्त्यमा, एसओएस बालग्रामले मिहेनतसाथ बालबालिकाको जानकारी र सहजताका निम्ति गरिएको यो प्रकाशन एक उपयुक्त पाइला हो । यसबाट संस्थामा आवद्ध बालबालिका लगायत देशका सम्पूर्ण बालबालिकाका लागि प्रस्तुत पुस्तिका उपयोगी हुनेछ भन्ने विश्वासका साथ शुभ-कामना व्यक्त गर्न चाहन्छु । साथसाथै, यसकार्यमा संलग्न सबै मित्रहरूमा हार्दिक धन्यवाद पनि ज्ञापन गर्न चाहन्छु ।

**गौरी प्रधान**
नोभेम्बर २०, २०२०



# शुभकामना सन्देश

प्रिय बालबालिका तथा पाठकहरू,

एसओएस बालग्राम नेपालले "बालबालिकाको अधिकार...हामी सबै नै जिम्मेवार" पुस्तक प्रकाशन गर्न लागेको कुरा थाहा पाउँदा मलाई गर्व लागेको छ । एसओएस बालग्राम नेपालले विगत ४८ वर्षदेखि बालबालिकाको समग्र विकासका लागि पारिवारिक वातावरण, गुणस्तरीय हेरचाह र सुरक्षा प्रमुख आधार हो भन्ने विश्वास लिएर जोखिममा परेका बालबालिकालाई हेरचाह र सुरक्षा प्रदान गर्दैआएको छ । बालबालिका तथा युवाहरूलाई मर्यादित नागरिक बनाउनका निम्ति उनीहरूको शारीरिक, मानसिक, सामाजिक र भावनात्मक आयामहरूको राम्ररी ध्यान राख्नुपर्दछ भन्ने कुरामा हामी विश्वास गर्दछौं । बालबालिका तथा युवाहरूलाई सचेत र जिम्मेवार नागरिक बनाउने यात्रामा यो जानकारीमूलक पुस्तक उपयोगी हुनेछ भन्ने कुरामा म विश्वस्त छु ।

नेपालको संविधान- २०७२ ले नागरिकको मौलिक हकका बारेमा थुप्रै कुराहरूको व्यवस्था गरेको छ, साथै बालबालिकाको मौलिक हकका बारेमा पनि स्पष्ट व्यवस्था गरेको छ । यसका साथ-साथै बालबालिकासम्बन्धी ऐन, २०७५ ले बालबालिकाको कर्त्तव्यबारे पनि उल्लेख गरेको छ । उनीहरूका अधिकार र कर्तव्यबारे बालबालिकालाई स्पष्ट पार्न सके र त्यहीअनुसार हिँड्ने वातारण दिनसके हामी उनीहरूलाई राष्ट्रको जिम्मेवार नागरिक बनाइरहेका छौँ भन्न सक्छौँ ।

संयुक्त राष्ट्रसङ्घको मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा-पत्रले व्यक्तिको नैसर्गिक अधिकारहरूलाई प्रत्याभूत गरेको छ । साथै सदस्य-राष्ट्रहरूलाई आफ्नो देशमा रहेका मानिसहरूले यसलाई सहज उपभोग गर्न पाउने गरी वातावरण बनाउन निर्देशित गरेको छ । बालबालिका पनि एक पूर्ण मानव हुन् तर उनीहरू विशेष अवस्थाका हुन्छन् । उनीहरूलाई आफ्नो अधिकार उपभोग गर्न विशेष वातावरण सिर्जना गर्नुपर्ने स्थितिका



कारण नै बालअधिकारसम्बन्धी महासन्धि- १९८९को व्यवस्था गरिएको हो । एसओएस बालग्राम नेपालले संयुक्त राष्ट्रसङ्घको यस बालअधिकारसम्बन्धी महासन्धिलाई आफ्ना कार्य सम्पादन र कार्यान्वयका क्रममा पूर्णरूपले पालना गर्दछ ।

अन्त्यमा, यस पुस्तकलाई बालबालिकाले पढ्न र बुझ्न सहज बनाउनका निम्ति आफ्नो समय, ज्ञान र विशेषज्ञता प्रदान गरी लागिपर्नु भएका एसओएस बालग्राम नेपालका सम्पूर्ण सम्पादकीय टिमप्रति म हार्दिक आभार व्यक्त गर्दछु । यस पुस्तकले बालबालिकालाई आफ्ना अधिकार र जिम्मेवारीहरूबारे ज्ञान दिनेछ र आउने दिनहरूमा सचेत बालक/बालिका बन्न र भविष्यमा मर्यादित नागरिक बन्न मद्दत पुऱ्याउने छ भन्ने कुरामा म आशावादी छु ।

धन्यवाद !

**डा. ज्योतिरत्न धाख्वा**
अध्यक्ष,
एसओएस बालग्राम नेपाल



# शुभकामना सन्देश

प्रिय बालबालिका तथा पाठकहरू,

बालबालिकाको अधिकार र कर्त्तव्यको सेरोफेरोमा रहेर एसओएस बालग्राम नेपालले "बालबालिकाको अधिकार...हामी सबै नै जिम्मेवार" पुस्तक प्रकाशन गर्न लागेकोमा खुसी महसुस गरेको छु । देशको कुल जनसङ्ख्याको महत्वपूर्ण हिस्सा ओगट्ने बालबालिकालाई केन्द्रविन्दुमा राखेर गर्न लागेको यो प्रकाशन आफ्नो लक्षित समूहसम्म पुग्न सक्नेछ र यसले बोकेको उद्देश्य प्राप्त गर्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

सन् १९४९ मा प्रा.डा. हर्मन माइनरले स्थापना गर्नुभएको एसओएस बालग्रामले आफ्नो सुरूवाती दिनदेखि नै अप्ठ्यारो वा जोखिममा परेका वा पर्नसक्ने बालबालिकालाई सेवा उपलब्ध गराई उनीहरूको सर्वोत्तम हित, संरक्षण, समान व्यवहार र स्वस्थ जीवनलाई आफ्नो कामको मुख्य आधार बनाएको थियो, जसलाई हामीले आज पनि निरन्तरता दिइरहेका छौँ । प्रत्येक बालबालिकाको आफ्नो परिवारमा हुर्कन पाउने अधिकार हुन्छ तर कतिपय आवस्थामा उनीहरू परिवारबाट अलग हुन पुग्छन् । त्यस्तो अवस्थामा पनि उनीहरूले पारिवारिक वातारणमै हुर्कन पाऊन् भनेर एसओएस बालग्रामले सबै महादेशमा आफ्ना विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ ।

परिवर्तित समयअनुसार हामीले पनि हाम्रो सोच, काम गर्ने शैली र कार्यक्षेत्रमा आवश्यक परिमार्जन गरिरहेका छौँ । हामी संयुक्त राष्ट्रसङ्घको बालअधिकारसम्बन्धी महासन्धिलाई आत्मसात् गरेर यसले निर्दिष्ट गरेको बाटोमा हिँडिरहेका छौँ भनेर गर्वका साथ भन्छौँ । कतिपय स्थितिमा त यो महासन्धिको मर्मलाई सही रूपमा रूपान्तर गर्न विशेष हेरचाह आवश्यकता भएका बालबालिकाका समस्यालाई सम्बोधन गर्न विशेष भूमिका पनि निर्वाह गरेका थियौँ, गरिरहेका छौँ र गर्ने छौँ यो विश्व समुदायप्रति हाम्रो प्रतिवद्धता हो ।



हाम्रा कामहरू वा हामीले प्रदान गर्ने सेवाहरू अधिकारमुखी अवधारणाबाट निर्देशित छन् । हामी बालबालिकाका कुरा सुन्छौँ, मनन गर्छौं र उनीहरूको सर्वोत्तम हितलाई केन्द्रविन्दुमा राखेर निर्णय गर्छौं । यसका लागि बालबालिकाहरूलाई उनीहरूका अधिकारबारे सचेत तुल्याउछौँ र मन्थन गर्ने वातावारण दिन्छौँ । त्यही अभिप्रायले यो पुस्तक प्रकाशनमा आउन लागेको कुरा थाहा पाउँदा खुसी लागेको छ र म विश्वस्त छु यसले हामीलाई काम गर्न अझ सहज बनाउनेछ । यो पुस्तक प्रकाशनमा लागिपर्नु भएका सबै एसओएस बालग्राम परिवारप्रति म आभार व्यक्त गर्दछु ।

धन्यवाद !

**ईश्वरीप्रसाद शर्मा**
राष्ट्रिय निर्देशक,
एसओएस बालग्राम नेपाल



# शुभकामना सन्देश

बालबालिका भनेका देशका कर्णधार हुन्, उनीहरूको सुरक्षा भनेको राष्ट्रको सुरक्षा हो । एसओएस बालग्राम नेपालका कार्यक्रमहरू, बालग्राम र विद्यालयहुँदै सामाजिक केन्द्रमार्फत् समुदायमा विस्तार भएको छ । अझै पनि नेपाली समाज बालमैत्री बन्नसकिरहेको छैन । त्यसैले बालबालिकाको सरोकारलाई र संरक्षणलाई प्राथमिकतामा राख्नका लागि बालअधिकार, बालजिम्मेवारी, बालदुर्व्यवहार साथै बालबालिकाको सर्वाङ्गीण विकासका लागि समुदायस्तरमा नै जनचेतनामूलक कार्यक्रमहरू प्रभावकारीरूपमा परिचालन गर्दै जानुपर्ने देखिन्छ । एसओएस बालग्राम नेपाल अन्तर्गतका बाल क्लबहरूले पनि आफ्नो सामर्थ्य र प्रभावक्षेत्रका आधारमा समुदायलक्षित कार्यक्रमहरूगर्दै आइरहेकै छन् ।

बालमैत्री वातावरणमा बालबालिकाको संरक्षणको सुनिश्चितताका लागि बालबालिका सम्बन्धित कुनै पनि समस्या, गुनासो तथा सुझावहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने उद्देश्यले एसओएस बालग्राम नेपालका हरेक कार्यक्रमहरूमा बालसंरक्षण समिति वा उपसमितिहरू रहेका छन् । बालबालिकाको सुरक्षाको प्रत्याभूति गर्नका लागि समितिहरूले बालग्रामको बालसंरक्षण नीतिलाई अवलम्बन गरी विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् । यसै सन्दर्भमा बाल-दुर्व्यवहारसम्बन्धी सूचना-प्रवाहलाई सरल बनाउनका लागि हरेक कार्यक्रमहरूमा एक सुझावपेटिकाको व्यवस्था पनि गरिएको छ । प्रत्येक बालबालिकाले आफ्नो बालसंरक्षण समितिसमक्ष सुझाव दिन, हेपाइ, हिंसा तथा दुर्व्यवहारका उजुरी तथा गुनासो गर्न सक्दछन् । समितिका सदस्यहरूसँग सिधै कुराकानी गर्न असहज भएको वेलामा वैकल्पिक माध्यमका रूपमा आफ्नो विश्वासपात्र मार्फत् वा सुझावपेटिकाको प्रयोग गरी समस्या वा गुनासो राख्न सक्दछन् । बालसंरक्षण समितिले संवेदनशील भएर प्राप्त सुझाव वा गुनासाहरूलाई सम्बोधन गर्ने गर्दछ । जसका कारण हामी बालबालिकाहरू पूर्णरूपमा सुरक्षित महसुस गर्न सकिरहेका छौं ।




अन्त्यमा हामी बालबालिकालाई नै केन्द्रमा राखेर बालबालिकालगायत सम्पूर्ण सरोकारवालालाई बालसुरक्षाका विषयमा महत्वपूर्ण सन्दर्भ–सामग्री, बालबालिकाको क्षेत्रमा विगत ४७ वर्षदेखि नियमित सेवारत एसओएस बालग्राम नेपालको परिचयात्मक जानकारी साथै बालबालिकाका क्षेत्रमा कार्यरत अभियन्ताहरूको दिशानिर्देश गर्ने प्रेरक अनुभव समेटिएको पुस्तिका प्रकाशन हुनलागेको सुन्दा ज्यादै खुसी लागेको छ । यसले बालबालिकाको सचेतनाको अवस्थालाई सदा ताजगी राख्न प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

जय बालबालिका !

**प्रतिक्षा पौडेल**
अध्यक्ष,
एसओएस बालक्लब सञ्जाल नेपाल



# खण्ड ख



# बालअधिकारसम्बन्धी घोषणा–पत्र

## बालबालिकालाई बुझ्न सजिलो हुने गरी सरल रूपमा तयार गरिएको बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का अधिकारसम्बन्धी व्यवस्था

प्यारा भाइबहिनी, नमस्कार !

यस सानो पुस्तिकामा हामीले तपाईंहरूका लागि संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धि[1], १९८९ को बारेमा लेखेका छौँ ।

संयुक्त राष्ट्रसङ्घ भनेको संसारका सबैजसो राष्ट्रहरू सदस्य भएको साझा विश्व सङ्गठन हो । हाम्रो देश नेपाल पनि संयुक्त राष्ट्रसङ्घको सदस्य हो । संयुक्त राष्ट्रसङ्घले विश्वमा शान्ति कायम गर्न र संसारभरका मानिसहरूले आफ्ना अधिकार पाउन सकून् भनेर काम गर्दछ । संयुक्त राष्ट्रसङ्घको मुख्य कार्यालय संयुक्त राज्य अमेरिकाको न्यूयोर्क र स्वीट्जरल्यान्डको जेनेभामा छ । संयुक्त राष्ट्रसङ्घ अन्तर्गत बालबालिकाको विषयमा काम गर्ने छुट्टै कार्यालय छ । त्यसलाई संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) भनिन्छ । नेपालमा पनि संयुक्त राष्ट्रसङ्घ र युनिसेफको कार्यालय छ ।

विश्वका बालबालिकाको वृद्धि, विकास र संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९८९ को नोभेम्बर २० तारिखमा बालअधिकारसम्बन्धी महासन्धि पारित गऱ्यो । यस महासन्धिलाई संयुक्त राष्ट्रसङ्घका सदस्य देशहरूले **हस्ताक्षर र अनुमोदन**[2] गर्न सक्दछन् । नेपालले यस महासन्धिमा सन् १९९० को सेप्टेम्बर १४ अर्थात् वि.सं.२०४७ साल भाद्र २९ गते अनुमोदन गरेको हो । सोही दिनको सम्झनामा नेपालमा भाद्र २९ गते राष्ट्रिय बालदिवस मनाउने गरिएको हो ।

---

*१. महासन्धि- संसारका विभिन्न देशहरूमा लागु हुनेगरी संयुक्त राष्ट्रसङ्घलगायतका अन्तर्राष्ट्रिय संस्थाले पारित गरेको अन्तर्राष्ट्रिय कानुन ।*

*२. अनुमोदन- कुनै पनि अन्तर्राष्ट्रिय महासन्धिलाई आफ्नो देशमा लागु गर्ने प्रतिबद्धतासहित देशको तर्फबाट सरकारले लिखितरूपमा सहीछाप गरी जनाएको सहमति ।*



यो महासन्धि सदस्य देशका सरकारमा बस्ने वयस्क व्यक्तिलेमात्र बुझ्ने भाषामा लेखिएको छ । त्यस्तो भाषा तपाईं बालबालिकालाई बुझ्न गाह्रो हुन्छ । त्यसैले, यस पुस्तिकामा हामीले महासन्धिमा भएका बालअधिकारबारे तपाईंहरूलाई बुझ्न सजिलो हुने गरी सरलरूपमा लेख्ने कोसिस गरेका छौँ ।

संयुक्त राष्ट्रसङ्घका महासन्धिहरूमध्ये यस महासन्धिलाई संसारका सबै भन्दा धेरै देशले मानेका छन् । यो पुस्तक प्रकाशन हुँदा १९६ सदस्य-राष्ट्रहरूले यस महासन्धिलाई अनुमोदन गरिसकेका छन् । महासन्धिलाई अनुमोदन गर्ने देशले यसमा भएका बालअधिकार कार्यान्वयन गर्नुपर्दछ ।

महासन्धिमा बालअधिकारबारे लेखिएका बुँदालाई 'धारा' भनिन्छ । र, प्रत्येक धाराअनुसार नै हामीले यस पुस्तिकामा बालअधिकारबारे उल्लेख गरेका छौँ । तपाईंहरूलाई बालअधिकारबारे बुझ्न सजिलो होस् भनेर हामीले केही चित्र पनि राखेका छौँ । यो पुस्तक तपाईं आफू पनि पढ्नु हुनेछ र साथीहरूलाई पनि यसबारे बताउनु हुनेछ भन्ने हाम्रो विश्वास छ । चित्र हेर्दै र साथीहरूसँग छलफल गर्दै रमाइलोसँग यो पुस्तिका पढ्नुहोस् है त !

धन्यवाद !



# बालअधिकारसम्बन्धी महासन्धि, १९८९ का मुख्य सिद्धान्त

हामी बालबालिका वयस्क सरह एक पूर्ण मानव हौँ । बालबालिकालाई साना भनेर हेप्न, कुट्नपिट्न र नराम्रो कुरा बोल्न पाइँदैन । बालबालिकालाई आफ्ना कुरा भन्न दिनुपर्दछ र त्यसलाई सुन्नुपर्दछ । बालबालिकालाई सुरक्षित वातावरणमा हुर्काउनुपर्दछ ।

सबै बालबालिकालाई समान व्यवहार गर्नुपर्दछ । बालबालिकालाई उनीहरू कुन जातका हुन्, कालो वा गोरो कुन वर्णका हुन् भन्ने आधारमा भेदभाव गर्न पाइँदैन । त्यस्तै, बालक र बालिका हुन् भन्ने आधारमा, उनले बोल्ने भाषाका आधारमा पनि भेदभाव गर्न पाइँदैन । बालबालिकालाई उनको वा उनका बाबाआमालाई कुनै रोग लागेको छ वा अपाङ्गता छ भने त्यसको आधारमा भेदभाव गर्न पाइँदैन । बाबाआमा भएको वा नभएको भनेर पनि भेदभाव गर्न पाइँदैन । गाउँ र सहर, तराई र पहाड जस्ता फरक ठाउँमा जन्मेको आधारमा, धनी र गरिब परिवारका आधारमा पनि भेदभाव गर्न पाइँदैन । भेदभाव भनेको कसैलाई काखा र कसैलाई पाखा पार्ने; बोली, व्यवहार वा काम हो, भाइबहिनीहरू ।

सबै बालबालिकाले माया, स्नेह र हेरचाह पाउनुपर्दछ । बालबालिकालाई घरपरिवार, विद्यालय र अरू सबै ठाउँमा सुरक्षित हुने वातावरण दिनुपर्दछ । परिवार र सरकारले बालबालिकाको उचित हेरचाह गर्ने, पढ्ने, स्वास्थ्य उपचार पाउने र बढ्ने व्यवस्था गर्नुपर्दछ । उनीहरूलाई स्वस्थ भएर जीवन जिउन सघाउनुपर्दछ । बालबालिकालाई हिंसा, दुर्व्यवहार, शोषणबाट संरक्षण गर्नुपर्दछ । सशस्त्र द्वन्द्वमा संलग्न गराउने र सेना, प्रहरीमा भर्ना गर्न हुँदैन ।

बालबालिकाको बढ्दो उमेर, क्षमता तथा विकासको स्तरअनुसार आफूसँग सम्बन्धित विषयमा आफ्नो विचार राख्ने अवसर दिनुपर्दछ र उनीहरूको विचारको कदर गर्नुपर्दछ । देशको सरकार, सङ्घसंस्था, घरपरिवारले बालबालिकाका लागि काम गर्दा उनीहरूको सर्वोत्तम हित[३] हुनेगरी काम गर्नुपर्दछ ।

---

*३. सर्वोत्तम हित- के गर्दा बालबालिकाको अधिकारको रक्षा हुन्छ, हित हुन्छ, उनीहरूका लागि त्यही गरिनुपर्दछ । त्यसो गर्नु भनेको नै बालबालिकाको सर्वोत्तम हितको सम्मान गर्नु हो ।*



# बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा भएका धाराहरू



**धारा १ : १८ वर्षमुनिका सबै व्यक्ति "बालबालिका" हुन्**

यस महासन्धिअनुसार १८ वर्षमुनिका हामी सबैजना बालबालिका हौँ ।

**धारा २ : भेदभावबाट संरक्षणको अधिकार**

हामी सबै बालबालिकाले समानरूपमा अधिकार पाउँदछौँ । हामी र हाम्रा बाबाआमा वा अभिभावकको जातजाति, लिङ्ग, जन्म, अपाङ्गता, क्षमता, बोल्ने भाषा, मान्ने धर्म, संस्कृति, विचार, धन-सम्पत्ति, देशको कुनै भागमा वा अन्य कुनै देशमा बसेको आधारमा हामीलाई भेदभाव गर्नु हुँदैन । सरकारले सबै बालबालिकालाई भेदभावबाट संरक्षण गर्नुपर्दछ ।







## धारा ३ : बालबालिकाको सर्वोत्तम हितमा काम गर्नुपर्ने

सबै सरकारी कार्यालय, अदालत, अधिकारी, जननिर्वाचित प्रतिनिधि, बालबालिकाका लागि काम गर्ने सामाजिक संस्था, व्यक्ति एवं परिवारले हाम्रो हितमा काम गर्दा वा सेवा दिंदा हामीलाई सबैभन्दा राम्रो के–कसरी हुन्छ भन्ने कुरामा ध्यान दिनुपर्दछ । बाबाआमाले बालबालिकाको स्याहारसुसार र हेरचाह गर्दा सकेसम्म राम्रो हुनेगरी गर्नुपर्दछ ।

## धारा ४ : बालअधिकार लागु गर्नुपर्ने

सरकारले हामी सबै बालबालिकाका सबै अधिकार पूरा गर्नुपर्दछ । त्यसको लागि कानुन बनाएर लागु गर्ने, सेवा दिने कार्यालय खोल्ने अनि बालबालिकाको लागि काम गर्ने सबैलाई तालिम दिनुपर्दछ । यसको लागि सरकारले अन्तर्राष्ट्रिय सहयोग लिन पनि सक्दछ ।





## धारा ५ : बालबालिकाको बढ्दो क्षमताअनुसार उचित मार्गदर्शन दिने

हाम्रा बाबाआमा, अभिभावकले हामीलाई उचित मार्गदर्शन दिनुपर्दछ । त्यसो गर्दा हाम्रो उमेरअनुसार बढ्दै गरेको क्षमतालाई ध्यानमा राख्नुपर्दछ । हामीलाई नराम्रो असर नपर्नेगरी अह्राउनु, सिकाउनुपर्दछ । आवश्यक परेमा हाम्रा बाबाआमा र परिवारलाई सरकारले सघाउनुपर्दछ ।

## धारा ६ : दीर्घजीवन र विकासको अधिकार

स्वस्थ भई बाँच्ने र आफ्नो विकास गर्न पाउनु हाम्रो अधिकार हो । यसका लागि सरकारले बढीभन्दा बढी प्रयास गर्नुपर्दछ ।

## धारा ७ : नाम र राष्ट्रियताको अधिकार

हामी जन्मिएपछि जन्मदर्ता गर्न पाउनु, नाम राख्न पाउनु र देशको नामबाट चिनिन पाउनु हाम्रो अधिकार हो । हामीले आफूलाई जन्म दिने बाबाआमालाई चिन्न पाउनुपर्दछ । अनि, सकेसम्म बाबाआमा र अभिभावकबाट नै हामीले स्याहारसुसार र हेरचाह पाउनुपर्दछ ।





**धारा ८ : पहिचानको संरक्षणसम्बन्धी अधिकार**

हाम्रो नाम, देश अनि परिवारसँगको सम्बन्ध सरकारले जोगाइदिनुपर्दछ । यदि कुनै कारणले हामी कसैले आफ्नो पहिचान पाएका छैनौँ भने त्यसमा सरकारले सघाउनुपर्दछ । यसमा नचाहिँदो छेकबार गर्नुहुँदैन ।

**धारा ९ : परिवारसँग बस्न पाउने अधिकार**

आफ्ना बाबाआमा र परिवारसँग बस्न पाउनु हाम्रो अधिकार हो । परिवारबाट हिंसा वा दुर्व्यवहार भएको अवस्थामा बाहेक हामीलाई बाबाआमा र परिवारबाट अलग्याउनु हुँदैन । यदि हामीमध्ये कसैको बाबा र आमा छुट्टिएर बस्नुभएको छ भने हामीले बाबा र आमा दुवैसँग भेटघाट गर्न पाउनुपर्दछ ।

**धारा १० : परिवारमा फर्कन पाउने अधिकार**

यदि हामी र हाम्रा बाबाआमा छुट्टाछुट्टै देशमा बसेका छौँ भने हामीले एकअर्को बस्ने देशमा गई भेटघाट गर्न पाउँदछौँ । र, हामीले चाहेको खण्डमा हामीलाई बाबाआमासँगै एउटै देशमा बस्ने अधिकार पनि छ । सम्बन्धित देशको सरकारले बालबालिकालाई बाबाआमासँग एउटै देशमा बस्न सघाउनुपर्दछ ।





## धारा ११ : बालबालिकालाई कानुनविपरीत विदेश लैजान नपाइने


बालबालिकालाई झुक्याई, ललाइफकाई कानुनविपरीत विदेश लैजान पाइँदैन । यदि हामीलाई त्यसरी विदेश पुऱ्याइएको छ भने हाम्रो देशको सरकारले हामीलाई फिर्ता ल्याउन सक्दो प्रयास गर्नुपर्दछ ।

## धारा १२ : विचार व्यक्त गर्ने र त्यसको सम्मान गरिनुपर्ने

आफूलाई असर पर्ने काम र निर्णय गरिँदा हामीले आफ्नो विचार व्यक्त गर्न पाउनुपर्दछ । हाम्रो बढ्दो उमेर र परिपक्वता अनुसार हामीले व्यक्त गरेका विचारलाई मान्यता दिनुपर्दछ ।

## धारा १३ : विचार व्यक्त गर्न सूचना जानकारी पाउनुपर्ने

हामीलाई सूचना खोज्ने, जानकारी पाउने अधिकार छ । हामीले पाएका सूचना जानकारीलाई बोलेर, लेखेर चित्र बनाएर, गीत कविता वा कथा लेखेर वा आफूलाई मनपर्ने अरू कुनै पनि तरिकाले भन्न पाउँदछौं । तर, यसो गर्दा हामीलाई र अरू कसैलाई समेत हानि भने पुग्नु हुँदैन ।



## धारा १४ : धारणा बनाउने र धर्म मान्ने अधिकार

अरूको अधिकारमा बाधा नपुग्ने गरी हामीलाई कुनै विषयमा आफ्नो धारणा बनाउन र धर्म मान्ने अधिकार छ । यसबारे हामीलाई सही बाटो देखाउनु हाम्रा बाबाआमा वा अभिभावकको कर्त्तव्य हुनेछ ।


## धारा १५ : बालसंस्था खोल्न पाउने अधिकार

हामीलाई आपसमा भेटघाट गर्ने, बालअधिकारबारे काम गर्न आफ्नो सङ्गठन खोल्ने र शान्तिपूर्णरूपमा भेला हुने अधिकार छ । हामीले बालक्लब वा बालसंस्था बनाएर सँगै काम गर्दा र भेला हुँदा अरू कसैलाई हानि-नोक्सानी भने पुऱ्याउनु हुँदैन ।

## धारा १६ : गोपनीयताको संरक्षण

हामी र हाम्रो परिवारको निजी कुरा, इज्जत-मर्यादा र पत्राचार जस्ता व्यक्तिगत कुरामा कसैले पनि नचाहिँदो खोजीनीति गर्न र खुलासा गर्न पाउँदैन । सरकारले कानुन बनाएर बालबालिकाको निजीपना र पारिवारिक जीवनको सम्मान र रक्षा गर्नुपर्दछ ।






## धारा १७ : सञ्चारमाध्यमबाट सूचना पाउने अधिकार

रेडियो, टेलिभिजन, पत्रपत्रिका, इन्टरनेटजस्ता सञ्चारका माध्यमबाट हामीले बुझ्नेगरी देश–विदेशका सूचना जानकारी पाउने हाम्रो अधिकार हो । बालबालिकाको अहित गर्ने खालका सूचना जानकारीको प्रचार–प्रसारमा सरकारले रोक लगाउनुपर्दछ ।

## धारा १८ : पालनपोषण र हेरचाहमा बाबाआमा वा अभिभावकको जिम्मेवारी

हाम्रो पालनपोषण, हेरचाह गर्ने पहिलो जिम्मेवारी हाम्रै बाबाआमा वा अभिभावकको हुन्छ । बालबालिकाको उचित स्याहारसुसार र हेरचाह होस् भनेर सरकारले हाम्रा बाबाआमा र अभिभावकलाई सहयोग गर्नुपर्दछ ।

## धारा १९ :हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउने अधिकार

हामीलाई हाम्रा बाबाआमा, अभिभावक वा अरू कसैले पनि हिंसा, दुर्व्यवहार, शोषण वा बेवास्ता गर्नु हुँदैन । परिवार र सरकारले बालबालिकालाई शारीरिक वा मानसिक हिंसा, दुर्व्यवहार तथा शोषणबाट संरक्षण गर्नुपर्दछ ।





## धारा २० : परिवारविहीन बालबालिकाको संरक्षण

बाबाआमा वा परिवार नभएका बालबालिकालाई सरकारले विशेष संरक्षण र सहयोग पुऱ्याउनुपर्दछ । सरकारले बाबाआमा वा परिवार नभएका बालबालिकाको हेरचाहको व्यवस्था मिलाउँदा सकेसम्म उनको धर्म, संस्कृति र भाषा मिल्दोगरी गर्ने व्यवस्था गर्नुपर्दछ ।

## धारा २१ : धर्मपुत्र वा धर्मपुत्री[४] लिनेदिने

सरकारको जिम्मेवार अधिकारीले निर्णय गरेर कानुनअनुसार मात्र बालबालिकालाई देशभित्र वा विदेशमा धर्मपुत्री वा धर्मपुत्रका रूपमा लिन दिनुपर्दछ । यस्तो निर्णय गर्ने क्रममा के गर्दा बालबालिकाका लागि सबैभन्दा राम्रो हुन्छ भन्ने कुरालाई महत्व दिनुपर्दछ ।

---

*४. धर्मपुत्र वा धर्मपुत्री- आफूले जन्म दिएको नभई अरू कसैले जन्माएका बालबालिकालाई आफ्नो सन्तानसरह सबै हकअधिकार दिनेगरी लिखत गरी लिएका छोरा वा छोरी ।*





## धारा २२ : शरणार्थी[5] बालबालिकाको अधिकार

शरणार्थी भएका वा हुन खोजेका बालबालिकाले आफू बसिरहेको देशका अन्य बालबालिका सरह समान अधिकार पाउनुपर्दछ । बाबाआमासँग बिछोडिएका बालबालिकाको संरक्षण गर्न र उनलाई परिवारमा पुनर्मिलन गराउन सरकारले सघाउनुपर्दछ ।

## धारा २३ : अपाङ्गता भएका बालबालिकाको अधिकार

अपाङ्गता भएका बालबालिकालाई सम्मानपूर्वक बाँच्ने अधिकार छ । कुनै पनि प्रकारको अपाङ्गता भएका बालबालिकाले आफ्नो जीवन सफल पार्न, समाजमा सक्रिय हुनका लागि सरकारबाट विशेष हेरचाह, शिक्षा, तालिम र सहयोग पाउनुपर्दछ ।

---

५. *शरणार्थी- कुनै पनि कारणले आफ्नो देशमा बस्न नसकी अरू कुनै देशमा शरण लिने व्यक्ति ।*





## धारा २४ :स्वास्थ्य र स्वास्थ्य सेवा पाउने

हामीलाई निरोगी भएर बाँच्न र बिरामी हुँदा राम्रो र भरपर्दो स्वास्थ्यउपचार पाउने अधिकार छ । त्यस्तै, शुद्ध पिउने पानी, पोसिलो खाना र स्वच्छ वातावरण पाउनु हाम्रो अधिकार हो । यसका लागि धनी देशहरूले आर्थिक अवस्था कमजोर भएका देशहरूलाई सहयोग गर्नुपर्दछ ।

## धारा २५ : नियमित अनुगमन गर्नुपर्ने

बालबालिकाको हेरचाह, संरक्षण तथा उपचारका लागि सरकारले घरपरिवारभन्दा अन्यत्र बालगृह, बालसुधारगृह वा अस्पतालमा राख्न सक्दछ । ती ठाउँको व्यवस्था तथा त्यहाँ बालबालिकालाई गरिएको व्यवहार बारे सरकारले नियमितरूपमा अनुगमन गर्नुपर्दछ ।

## धारा २६ : सामाजिक सुरक्षाको अधिकार

हामीलाई सहज जीवन बाँच्न अनि हाम्रा सबै अधिकारहरू उपभोग गर्न सरकारबाट सहयोग पाउनुपर्दछ । खासगरी आर्थिक र सामाजिकरूपमा कमजोर अवस्था भएका परिवारलाई उनीहरूका बालबालिकाको अधिकार पूरा गर्न सरकारले सहयोग गर्नुपर्दछ । यस्तो सहयोगलाई सामाजिक सुरक्षा भनिन्छ ।





## धारा २७ : स्तरीय जीवन बाँच्ने अधिकार

हामी बालबालिकालाई शारीरिक, सामाजिक, बौद्धिक विकासका लागि चाहिने खानेकुरा, लुगाफाटो र बस्ने घर पाउनु हाम्रो अधिकार हो ।

## धारा २८ : शिक्षाको अधिकार

शिक्षा पाउनु हामी सबैको अधिकार हो । बालबालिकाले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउनुपर्दछ । हामीलाई माध्यमिक र उच्च शिक्षा पढ्न पाउने अवसर दिइनुपर्दछ । विद्यालयमा पढाउँदा वा अनुशासन पालना गराउँदा कसैले पनि हाम्रो सम्मानमा ठेस पुर्‍याउनुहुँदैन ।

## धारा २९ : शिक्षाको उद्देश्य

हामीले पाउने शिक्षाले हाम्रो प्रतिभा, सीप र क्षमता विकास गर्न अनि अरूको अधिकारको सम्मान गर्न सघाउनुपर्दछ । त्यस्तै, शिक्षाले हामीलाई आफ्ना बाबाआमाको मानमर्यादा गर्न, अरूहरूसँग मित्रभाव बढाउन र वातावरण संरक्षण गर्न सिकाउनुपर्दछ ।





## धारा ३० : आदिवासी, जनजाति बालबालिकाको अधिकार

आदिवासी, जनजाति बालबालिकालाई आफ्नो संस्कृति, धर्म मान्न र भाषा बोल्ने अधिकार छ । आदिवासी, जनजाति परिवारका बालबालिकालाई परिवारमा बोलिने भाषा बोल्न, धर्म, संस्कृति र रीतिरिवाज मान्न रोक लगाउन पाइँदैन ।

## धारा ३१ : खेलकुद, मनोरञ्जन र सांस्कृतिक क्रियाकलापको अधिकार

हामी सबै बालबालिकालाई आराम गर्ने, खेल्ने, मनोरञ्जन गर्ने, सांस्कृतिक र कलासम्बन्धी क्रियाकलापमा भाग लिने अधिकार छ ।

## धारा ३२ : श्रममा संलग्न हुनबाट संरक्षण

हामी बालबालिकालाई हाम्रो स्वास्थ्य, पढ्ने अवसर र विकासमा बाधा पुऱ्याउने खालका श्रममा लगाउनु हुँदैन । सरकारले सबै बालबालिकालाई जोखिमपूर्ण हुने श्रमलगायतका श्रमशोषणबाट संरक्षण गर्नुपर्दछ ।





## धारा ३३ : लागुपदार्थको दुरुपयोगबाट बच्ने अधिकार

बालबालिकालाई लागुपदार्थ बनाउने, प्रयोग गर्ने, किनबेच गर्ने जस्ता काममा लगाउन पाइँदैन । सरकारले हामीलाई लागुपदार्थको दुरूपयोगमा फँस्नबाट जोगाउनुपर्दछ ।


## धारा ३४ : यौनदुर्व्यवहारबाट संरक्षण

बालबालिकालाई सबै किसिमका यौनदुर्व्यवहार तथा यौनशोषणबाट संरक्षण पाउने अधिकार छ । सरकारले कानुन बनाएर बालबालिकालाई यौनदुर्व्यवहार तथा यौनशोषणबाट जोगाउनुपर्दछ ।

## धारा ३५: बेचबिखन र अपहरणबाट जोगिन पाउने अधिकार

बेचबिखन र अपहरणबाट जोगिन पाउनु हाम्रो अधिकार हो । सरकारले कानुन बनाएर बालबालिकालाई जुनसुकै उद्देश्यले हुने बेचबिखन र अपहरणबाट संरक्षण गर्नुपर्दछ ।





## धारा ३६ : सबै किसिमका शोषणबाट जोगिन पाउने अधिकार

सबै किसिमको शोषणबाट जोगिन पाउनु हाम्रो अधिकार हो । सरकारले बालबालिकालाई हानि पुऱ्याउने सबै खालका शोषणपूर्ण व्यवहार तथा कार्यबाट संरक्षण गर्नुपर्दछ । शोषणले हाम्रो कुभलो हुन्छ र विकासमा असर पुऱ्याउँदछ ।

## धारा ३७ : कठोर सजाय, यातना, जन्मकैद र मृत्युदण्ड दिन नहुने

बालबालिकालाई कठोर सजाय वा यातना दिन, जीवनभर जेलमा राख्न र मृत्युदण्ड दिनु हुँदैन । बालबालिकाले कसुर गरेमा वयस्कसँग जेलमा नराखी त्यस्ता बालबालिकालाई सुधार गर्न बालसुधारगृहमा राख्नुपर्दछ । अनि, त्यस्ता बालबालिकालाई उनको परिवारसँग भेटघाट गर्न पनि दिनुपर्दछ ।





## धारा ३८ : युद्ध वा सशस्त्र द्वन्द्वबाट बालबालिकाको संरक्षण

१५ वर्षभन्दा मुनिका[६] बालबालिकालाई सेनामा भर्ना गर्नु हुँदैन र सशस्त्र द्वन्द्वमा प्रयोग गर्नु हुँदैन । त्यस्तो अवस्थाबाट संरक्षण पाउनु हाम्रो अधिकार हो र पीडित बालबालिकाको उचित हेरचाह तथा पुनर्स्थापना गरिनुपर्दछ ।

## धारा ३९ : पीडित बालबालिकाको पुनर्स्थापना

सरकारले सशस्त्र द्वन्द्व, हेला, दुर्व्यवहार, शोषण अनि यातनाबाट पीडित भएका बालबालिकाको सामाजिक पुनर्स्थापना गर्नुपर्दछ । त्यसो गर्दा, बालबालिकालाई सम्मानित भएर समाजमा बस्ने वातावरण मिलाउनुपर्दछ ।

## धारा ४० : कानुनको विवादमा परेका बालबालिकाको अधिकार

कानुनको विवादमा परेका बालबालिकालाई दोषी प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्दछ । कुनै बालबालिकामाथि कसुरको आरोप लागेमा तुरून्त उनलाई र उनको बाबाआमा, अभिभावकलाई त्यसबारे जानकारी दिनुपर्दछ । सरकारले त्यस्ता बालबालिकाको बचाउका लागि कानुनी सहयोग दिनुपर्दछ ।

---

*६. बालअधिकारसम्बन्धी महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्धको इच्छाधीन आलेख, २००० ले १५ वर्ष उमेर बढाएर १८ वर्ष पुर्‍याएको छ ।*



## धारा ४१ : विद्यमान मापदण्डको सम्मान

हाम्रो देशको कानुनमा यस महासन्धिमा भएका भन्दा बढी अधिकार रहेछन् भने त्यसलाई घटाउन हुँदैन र त्यही कानुन नै लागु गर्नुपर्दछ ।

## धारा ४२ : सरकारले जानकारी दिनुपर्ने

यस महासन्धिमा भएका बालअधिकारबारे बालबालिका र वयस्कहरूलाई बुझ्नेगरी जानकारी दिने तथा यसको प्रचारप्रसार गर्ने जिम्मेवारी सरकार को हो । हामी सबैले यो जिम्मेवारी पूरा गर्न सरकारलाई सघाउनुपर्दछ ।

## धारा ४२–५४ : महासन्धिको कार्यान्वयन

महासन्धिमा भएका बालअधिकार सुनिश्चित गर्न सरकारले कानुन बनाउनुपर्दछ, कार्यक्रम लागु गर्नुपर्दछ । त्यस्तै, महासन्धिका बारेमा सबैलाई जानकारी दिनुपर्ने कुराहरू पनि यी धाराहरूमा उल्लेख गरिएका छन् ।

संसारभर यस महासन्धिलाई लागु गरी बालबालिकाको अधिकारमा भएको परिवर्तनबारे सरकारले नियमितरूपमा संयुक्त राष्ट्रसङ्घको समितिमा प्रतिवेदन बुझाउनुपर्दछ । त्यस्तो प्रतिवेदन महासन्धिलाई अनुमोदन गरेको दुई वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि हरेक ५/५ वर्षमा आवधिक प्रतिवेदन बुझाउनुपर्दछ । त्यसरी देशहरूले बुझाएको प्रतिवेदन बुझ्न, त्यसबारे सरकारका प्रतिनिधिसँग छलफल गर्न १८ जना सदस्य भएको एक समिति रहन्छ । यस समितिलाई संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समिति भनिन्छ । यी धाराहरूमा यो समिति कसरी बन्छ र यसको काम के हो भन्ने बारे पनि लेखिएको छ ।

अर्को कुरा, बालअधिकार लागु गर्न सरकारले अरू देशका सरकार, निकाय वा संस्थासँग आर्थिक, प्राविधिक सहयोग पनि लिनदिन सक्दछन् । यसबारे पनि महासन्धिमा लेखिएको छ ।



# खण्ड ग





# नेपालको संविधान (२०७२) मा बालबालिकाको हक–अधिकारबारे गरिएको व्यवस्था

संविधानको कुरा...

कानुनले देशका बालबालिका लगायत सबै नागरिकका अधिकारको सम्मान गर्दछ र अधिकार प्रदान गर्दछ । त्यस्तै, कानुनले बालबालिका र वयस्कका अधिकारको रक्षा गर्न तथा त्यसलाई पूरा गर्न देशले गर्नुपर्ने कामको आधार तयार गर्दछ । अनि, कसैले बालबालिका र वयस्कको अधिकार हनन् गरेमा तिनीहरूलाई के-कस्तो सजाय गर्ने भनेर पनि कानुनमा लेखिएको हुन्छ । त्यस्ता कानुन बनाउँदा देशको संविधानसँग मेल खानेगरी मात्र बनाउन पाइन्छ । संविधानसँग बाझिने गरी कानुन बनाउन पाइँदैन । त्यसैले, संविधानलाई कुनै पनि देशको मूल कानुन मानिन्छ ।

नेपालको संविधान (२०७२) नेपाली नागरिकले निर्वाचित गरेका प्रतिनिधिहरूले बनाएका हुन् । संविधान बनाउन निर्वाचित प्रतिनिधिहरू सदस्य भएको संविधानसभा बनेको थियो । यही सभाले पारित गरेपछि वि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान लागु भएको हो ।

## नेपालको संविधानमा भएका बालबालिकाको हक, अधिकार

नेपालको संविधानको भाग-३ मा 'मौलिक हक र कर्तव्य' को व्यवस्था छ । यही भागमा बालबालिकाको हक-अधिकारबारे लेखिएको छ । मौलिक हकमा भएका अधिकार कसैले पनि खोस्न पाउँदैन । र, मौलिक हकमा भएका अधिकार नपाएमा सर्वोच्च अदालतमा उजुरी गरी अधिकार पाऊँ भनेर माग्न पाइन्छ ।

तपाईंहरूलाई बुझ्न सजिलो होस् भनेर संविधानको मौलिक हकलाई दुई खण्डमा उल्लेख गरेका छौं : क) वयस्क साथै बालबालिकाका मौलिक हक, र (ख) बालबालिकाका विशेष मौलिक हक ।



## (क) वयस्क साथै बालबालिकाका मौलिक हक

नेपालको संविधानको धारा १६ देखि ४५ सम्म लेखिएका मौलिक हकहरू उमेरअनुरूप सान्दर्भिक भएका हकहरू बालबालिकाले समेत पाउँदछन् । तीमध्ये केही हक हुन् :

- सम्मानपूर्वक बाँच्न पाउने हक,
- राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै आधार मा भेदभाव नगरिने,
- असमर्थ पक्ष (बालबालिका समेत) लाई निःशुल्क कानुनी सहायता पाउने हक,
- अपराध पीडित (बालबालिका) लाई सामाजिक पुनर्स्थापना र क्षतिपूर्तिसहित न्याय पाउने हक,
- राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक,
- माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक,
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्नहरूलाई निःशुल्क उच्च शिक्षा पाउने हक,
- स्वास्थ्य सेवामा समान पहुँचको हक र राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक,
- स्वच्छ खानेपानी र सरसफाइमा पहुँचको हक,
- दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने,
- आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्नेलाई सामाजिक सुरक्षाको हक हुने,



## (ख) बालबालिकाका मौलिक हक

नेपाल संविधानको धारा ३९ मा 'बालबालिकाको हक' भनेर व्यवस्था गरिएको छ । यस धारामा भएका १० वटा बुँदा (जसलाई 'उपधारा' भनिन्छ) मा बालबालिकाको विशेष अधिकार र बालसंरक्षणसम्बन्धी हक छन् :

१. **आफ्नो पहिचानसहित बालबालिकाको नाम थर राख्ने र जन्मदर्ताको हक हुने ।**

बाबाआमा भएका बालबालिकाको नाम राख्ने र जन्मदर्ता गर्ने जिम्मा उहाँहरूको हो । बाबाआमा नभएका बालबालिकाको नाम राख्ने र जन्मदर्ता गर्ने काम भने सरकारले गरिदिनुपर्दछ ।

२. **बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने ।**

परिवार तथा सरकारले बालबालिकाका यी अधिकार पूरा गरिदिनुपर्दछ ।

३. **बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुने ।**

छ वर्षसम्मका बालबालिकालाई प्रारम्भिक बालविकास कक्षाहरूमा विशेष तरिकाबाट सिक्ने अवसर दिनुपर्दछ । यी व्यवस्था परिवार तथा सरकारले मिलाइदिनुपर्दछ । त्यस्तै, हामी बालबालिकाले आफूसँग सम्बन्धित कुनै पनि विषयमा आफ्नो विचार निर्धक्कसँग राख्न पाउँदछौं । बालक्लब बनाउने र त्यसमा सहभागी हुन पाउँदछौं । त्यसका लागि हाम्रो परिवार तथा सरकारले वातावरण मिलाइदिनु पर्दछ ।

४. **बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइँदैन ।**

जोखिमपूर्ण कामले बालबालिकाको पढाइलेखाइ, स्वास्थ्य र जीवनलाई बिगार्छ । त्यसैले, त्यस्तो काममा बालबालिकालाई संलग्न गराउन संविधानले रोक लगाएको हो ।



**५. बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने ।**

बालबालिकाको उमेर २० वर्ष पूरा नभई विवाह गर्न, गराउन हुँदैन । काममा लगाउने वा अन्य बहानामा बालबालिकालाई बाबा, आमा र सम्बन्धित सरकारी अधिकारीको सहमतिविना एक ठाउँबाट अर्को ठाउँमा लैजान पाइँदैन । त्यस्तै, बालबालिकाको अपहरण गर्न र थुनेर वा बाँधेर राख्न पाइँदैन ।

**६. बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न नपाइने ।**

बालबालिकालाई सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा, वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने ।

बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा बाधा पुऱ्याउने र जीवन जोखिममा पर्नसक्ने हुनाले सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना गर्न पाईदैन । बालबालिकालाई कुनै पनि वहानामा कसैले पनि शारीरिक वा मानसिक दुर्व्यवहार गर्ने, उपेक्षा गर्ने, कुट्ने पिट्ने, मनमा नराम्रो चोट पार्ने र यौनजन्य शोषण गर्न, गराउन हुँदैन ।

**७. बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने ।**

शारीरिक एवं मानसिक दण्डसजाय र यातनाले बालबालिकाको बाल्यकालमा मात्र नभएर जीवनभर नकारात्मक असर पार्दछ । समाजमा बालबालिकालाई राम्रो बाटोमा हिंडाउन अथवा उनीहरूलाई अनुशासनमा राख्ने नाममा शारीरिक एवं मानसिक दण्डसजाय दिने गरिएको पाइन्छ । बालबालिकालाई प्रोत्साहन गरेर, सकारात्मक अनुशासनका तरिका अपनाएर प्रेरित गर्न सकिएमा अपेक्षित सुधार ल्याउन सकिन्छ ।

**८. बालबालिकालाई बालअनुकूल न्यायको हक हुने ।**

बालबालिकाले कसुरजन्य (कानुनले गर्न हुँदैन भनेका व्यवहार वा कार्य) कार्य गरेमा उनीहरूको उचित सुधार गरिनुपर्दछ । कुनै बालबालिकाले कसुरजन्य कार्य गर्नपुगेमा त्यस्तो कार्य आवेशमा आएर, भूलवश वा कसैले उकासेर गरेका हुन सक्दछन् । त्यसैले, कुनै बालबालिकाले



कसुरजन्य कार्य गर्नपुगेमा निजको शिक्षा, स्वास्थ्य, विकासमा बाधा नपुग्ने र जीवनभर लाञ्छना नलाग्नेगरी न्याय दिनुपर्दछ । उनको सुधार गर्नुपर्दछ । यस्ता बालबालिकाको मुद्दामा बालअदालत (वा बाल इजलास) बाट छिनोफानो गर्नुपर्दछ । र, बालबालिका दोषी ठहरिएमा बालसुधारगृहमा राखिनुपर्दछ, वयस्कसँग जेलमा राख्न हुँदैन ।

**९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक ।**

सरकारले कोही पनि नभएका असहाय बालबालिका, बाबाआमा नभएका बालबालिका, अपाङ्गता भएका बालबालिका, द्वन्द्वपीडित बालबालिका, विस्थापित र जोखिममा रहेका बालबालिकालाई विशेष व्यवस्था गर्नुपर्दछ । त्यसो गर्दा सरकारले बालबालिकाको हेरचाह, पालनपोषण र बसोबासको व्यवस्था गर्नुपर्दछ । शिक्षा, स्वास्थ्य र विकासका लागि उचित व्यवस्था गरिदिनुपर्दछ ।

**१०. माथिका (४), (५), (६) र (७) नं. मा लेखिएका कार्य दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित भएका बालबालिकालाई पीडकबाट क्षतिपूर्ति पाउने हक हुने ।**

यदि कोही बालबालिकालाई जोखिमपूर्ण काममा लगाइएको छ भने पीडकलाई दण्डसजाय दिइन्छ र बालबालिकालाई क्षतिपूर्ति दिनुपर्दछ । त्यस्तै, बालविवाह गराउने, बालबालिकाको ओसारपसार गर्ने र अपहरण गर्ने काम गर्नेलाई पनि दण्डसजाय दिइन्छ । बालबालिकाको दुर्व्यवहार, उपेक्षा, यौनशोषण गर्ने तथा शारीरिक, मानसिक वा अन्य कुनै प्रकारले यातना दिनेलाई दण्डसजाय दिइन्छ । र, यी सबै कार्यबाट पीडित भएका बालबालिकाले पीडकबाट क्षतिपूर्ति पाउँदछन् ।

त्यस्तै, नेपालको संविधानको धारा ५१ मा भएको 'राज्यका नीतिहरू' अर्न्तगत:

- 'बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने',
- 'बालबालिकाका सर्वोत्तम हितलाई प्राथमिकरूपमा ध्यान दिने' भनिएको छ ।



# संविधान र कानुनले बालबालिकाबाट गरेका अरू अपेक्षाहरू

नेपालको संविधान (२०७२), बालबालिकासम्बन्धी ऐन, २०७५ तथा अन्य कानुनमा बालबालिकाका हक–अधिकारबारे व्यवस्था गरिएको छ । आफ्नो हक–अधिकार उपभोग गर्दा सबैले त्यससँग गाँसिएर आउने कर्त्तव्य पूरा गर्नुपर्दछ । बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ७७ मा बालबालिकाको कर्त्तव्यबारे उल्लेख गरिएको छ । बालबालिकाले आफ्ना बाबु, आमा, संरक्षक, परिवारका अन्य सदस्य, शिक्षक तथा समाजसेवीले उनीहरूको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नुपर्दछ । त्यस्तै, सबैलाई सम्मान र आदर गर्नुपर्दछ ।

**हाम्रो संविधान र कानुनले हामी बालबालिकाबाट गरेका अरू अपेक्षाहरू :**

- हामी बालबालिकाले अरूको सम्मानपूर्वक बाँच्ने हकको मर्यादा गर्नुपर्दछ ।
- हामी बालबालिकाले सबैलाई समान मानी व्यवहार गर्नुपर्दछ । कसैलाई पनि जात, धर्म, पारिवारिक पृष्ठभूमि, भौगोलिक बसोबास, बालबालिका वा उनका आमाबाबुको अपाङ्गता एवं अन्य कुनै पनि आधारमा भेदभाव गर्नहुँदैन । कसैलाई पनि जिस्क्याउने, हेप्ने तथा अमानवीय व्यवहार गर्न हुँदैन । शारीरिक वा मानसिक हिंसा, दुर्व्यवहार तथा शोषण गर्न हुँदैन ।
- हामी बालबालिकाले घरपरिवार छाडी भागी हिँड्ने, कुलतमा फँस्ने एवं आफूलाई हानि हुने कुनै काम वा व्यवहार गर्न हुँदैन ।
- हामी बालबालिकाले कानुनले तोकेको उमेर (२० वर्ष) नपुगी आफूखुसी वा आमाबाबुको करकापमा विवाह गर्न हुँदैन ।
- हामी बालबालिकाले आफू वा आफ्ना कोही साथी कुनै जोखिम वा समस्यामा परेमा सोको जानकारी आफूले विश्वास गर्ने नजिकको वयस्कलाई तुरुन्त दिनुपर्दछ ।



- हामी बालबालिकाले गोपनीयता कायम राख्नुपर्दछ । कानुनले कसैको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषय (चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानि वा अपहेलना हुने कुरा) मा गोपनीयता राख्नुपर्दछ, भनेको छ । हामीले त्यस्ता व्यक्तिगत सूचना, विवरण, फोटो, भिडियो आदि प्रचारप्रसार गर्न हुँदैन ।
- हामी बालबालिकाले अपाङ्गता भएका आफ्ना साथीहरूलाई विशेष हेरचाह गर्न, उनीहरूसँग घुलमिल हुन तथा मनोरञ्जनको अवसर दिलाउन सहयोग गर्नुपर्दछ । उनीहरूलाई सम्मानपूर्वक बाँच्नका लागि सघाउनुपर्दछ ।
- हामी बालबालिकाले घरपरिवार तथा समाजमा आफूभन्दा साना उमेरका बालबालिकालाई माया गर्नुपर्दछ र उचित मार्गदर्शन दिनुपर्दछ ।
- हामी बालबालिकाले आफ्नो विचार अभिव्यक्त गर्दा, शान्तिपूर्वक भेला हुँदा र बालक्लब वा संस्था खोली काम गर्दा अरूको अधिकारमा बाधा नपुग्नेगरी गर्नुपर्दछ ।
- हामी बालबालिकाले आफू रहने वातावरण स्वच्छ र सफा राख्नुपर्दछ । सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्दछ ।
- हामी बालबालिकाले आफ्नो स्वास्थ्यको उचित ख्याल राख्नुपर्दछ र आफ्नो र अरूको स्वास्थ्यमा समस्या हुने कुनै काम गर्न हुँदैन । पोसिलो एवं सन्तुलित खानेकुरा खानुपर्दछ ।
- हामी बालबालिकाले आधारभूत तहसम्मको शिक्षा अनिवार्यरूपमा पूरा गर्नुपर्दछ । अनि, माध्यमिक तथा उच्च तहसम्मको शिक्षा पाउने हकको सदुपयोग गर्नुपर्दछ । आफ्नो भविष्यका लागि उपयोगी हुने खालका शिक्षा एवं तालिमको अवसर लिनुपर्दछ ।
- हामी बालबालिकाले आफ्नो भाषा, संस्कृतिको सम्मान गर्नुपर्दछ । समुदायको सांस्कृतिक क्रियाकलापमा भाग लिने, आफ्नो उमेर र रूचिअनुसारको खेल खेल्ने अनि मनोरञ्जनमा सहभागी हुनुपर्दछ ।



# खण्ड घ



# क) एसओएस बालग्राम के हो ?

एसओएस बालग्राम बाबुआमाको संरक्षण र हेरचाह गुमाएका वा गुमाउने जोखिममा रहेका बालबालिकाको संरक्षण, पालन–पोषण र उनीहरूको व्यक्तिगत विकासमा सघाउन काम गर्ने संस्था हो । यस संस्थाले कुनै पनि धर्म, राजनीति, जाति, लिंग, रंग, शारीरिक बनावट वा मानसिक क्षमताका आधारमा विभेद गर्दैन र समाजमा देखिने यस्ता विभेदहरूका विरूद्धमा पैरवी गर्दछ । अहिले विश्वका १३६ मुलुकहरूमा यो संस्था कार्यरत छ।

एसओएस बालग्राम मूलतः पारिवारिक वातावरण रहेका घरपरिवारहरूको समूह हो । एसओएस बालग्राममा ५ देखि १५/१६ वटा घरपरिवारहरूको समूह हुन्छ । जो हेर्दा एउटा सानो गाउँजस्तो देखिन्छ । त्यसैले यसलाई एसओएस बालग्राम भनिएको हो । यी घरहरूमा ६ देखि १० जनासम्म बालबालिका दाजुभाइ दिदीबहिनीको रूपमा एकजना महिलाको संरक्षणमा बस्दछन् । यसरी रेखदेख गर्नेलाई बालबालिकाले आमाको रूपमा स्वीकार गरेका हुन्छन् । बालबालिकाले घरमा आफ्नो मनमा लागेको कुरा भन्ने र मेरो कुरा सुनिन्छ अनि प्राथमिकतामा राखिन्छ भन्ने कुराको अनुभूति गर्न पाउँदछन् । वर्षभरि मनाइने चाडवाड, रीतिरिवाज र संस्कृतिले यो परिवारको नाता र सम्बन्धलाई अझ बलियो बनाएको हुन्छ ।





दोस्रो विश्वयुद्धले युरोप ध्वस्त बनाएपछि संरक्षणविहीन हुनपुगेका बालबालिकाका निम्ति प्रो. डा. हर्मन माइनरले सन् १९४९ मा अष्ट्रियाको इम्स्टबाट एउटा बालग्राम निर्माण गरी यस संस्थाको सुरूआत गरेका थिए । आज विश्वमा करिब ५५० भन्दा बढी बालग्रामहरूमा ८० हजारभन्दा बढी बालबालिकाले संरक्षण पाइरहेका छन् ।

## ख) यो संस्था अरू संस्थाभन्दा कसरी फरक छ ?

कुनै पनि संस्थामा संस्थागत वातावरण, नियम र अनुशासन हुन्छ । एसओएस बालग्राममा परिवारको जस्तै वातावरण, नियम र अनुशासन हुन्छ । यहाँ पारिवारिक वातावरणमा बालबालिकाले शिक्षा, सीप र संस्कार सिक्दछन् र भोलिको समाजलाई चाहिने योग्य नागरिक बन्दछन् । प्राकृतिक परिवारमा जस्तै पाइने वातावरण हुनाले विश्वभर एसओएस बालग्रामलाई पनि परिवारकै रूपमा हेरिन्छ । एसओएस बालग्रामका हरेक परिवारमा हुर्केका बालबालिकाको सम्बन्ध दाजुभाइ दिदीबहिनीको रूपमा जीवनपर्यन्त रहन्छ । एसओएस बालग्रामलाई यही पारिवारिक सम्बन्धले बलियो बनाई विश्वभर फैल्याएको छ । यसका निम्ति एसओएस बालग्रामले ४ वटा सिद्धान्तमा आधारित भएर काम गर्दछ ।

१ **बालबालिका** : एसओएस परिवारमा हुर्केका सबै बालबालिकाको सम्बन्ध



दाजुभाइ दिदीबहिनीको रूपमा जीवनभर रहन्छ । यो नाता ज्यादै बलियो रहेको छ ।

२ **अभिभावक** : एसओएस बालग्रामका परिवारहरूमा एकजना महिलाले



आमाको रूपमा काम गर्छिन् । उनले हुर्काएका सबै बालबालिकासँग उनको सम्बन्ध छोराछोरी र आमाको रूपमा रहन्छ ।

३ **परिवार** : एसओएसले यहाँ बस्ने बालबालिकाका निम्ति छुट्टाछुट्टै घर



बनाएको हुन्छ । यो ती बालबालिकाको आफ्नो घर हो । यस घरसँग उनीहरूको जीवनभरको सम्बन्ध हुन्छ । आफू स्वतन्त्र भएर



वा आत्मनिर्भर भएर जहाँ रहे पनि चाडबाड र रीतिरिवाजहरूमा वा मर्दापर्दा छोराछोरीहरू आफ्नो घरपरिवारहरूमा एकजुट हुन्छन् । यो नै एसओएस बालग्रामको सबैभन्दा ठूलो विशेषता हो ।


**४ समुदाय :** एसओएसका घरपरिवारहरू मिलेर समुदाय बनेको हुन्छ । यसै



लाई एसओएस बालग्राम भनिएको हो । यो समुदाय वरिपरिको समाजको एउटा अङ्गको रूपमा रहेको हुन्छ । बाहिरी समाजसँग पनि यसको घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

## ग) एसओएस बालग्रामले कसका लागि काम गर्दछ ?

वास्तवमा एसओएस बालग्राम एउटा गाउँ नभएर एउटा कार्यक्रम हो । मूलतः एसओएसको सपना भनेको विश्वभरिका बालबालिकाले सम्मानपूर्वक आफ्नै परिवारमा हुर्कन पाउनुपर्दछ भन्ने नै हो । तैपनि धेरै कारणहरूले बालबालिकाले आफ्नो परिवार गुमाउँछन् वा गुमाउने जोखिममा रहन्छन् । त्यसैले एसओएसले मूलतः तीन किसिमले बालबालिकाको संरक्षण र विकासका निम्ति काम गर्दछ ।



**पहिलो,** अति विपन्न वा परिवारको भरोसा योग्य मूली गुमाई जोखिममा रहेका बालबालिकाका निम्ति उनीहरूको घरआँगनमै पुगी संरक्षण र विकासको काम गर्दछ । जसलाई **परिवार सुदृढीकरण कार्यक्रम** भनिन्छ । यसका निम्ति एसओएस बालग्रामले **दिवा शिशुस्याहार केन्द्र**, **सामाजिक केन्द्र** र **स्वास्थ्य केन्द्रहरू** खोली बालबालिकाको संरक्षण र विकास तथा उनका अभिभावकहरूको सीप विकासमा काम गर्दछ ।

**दोस्रो,** यदि बालबालिकाले बाबुआमा दुवै गुमाएका छन् तर नजिकका आफन्तहरूले आफूसँगै राख्न चाहन्छन् भने त्यही ठाउँमा आवश्यक सहयोग पुऱ्याई यी बालबालिकाको संरक्षण र विकासमा ती आफन्तहरूसँग हातेमालो गर्दछ । जसलाई **बालबालिकाको आमा वा बाबुको तर्फका नातेदारद्वारा गरिने हरेचाहको कार्यक्रम** भनिन्छ ।

**तेस्रो,** यदि बालबालिकाले आफ्ना आमाबाबु गुमाएपछि आफन्तहरूले पनि राख्न चाहन्नन् वा राख्नसक्ने अवस्थामा हुन्नन् भने त्यो वेला अन्तिम विकल्पको रूपमा एसओएसले आफ्नै बालग्राममा ल्याई **परिवार जस्तै वातावरणमा पालनपोषण र शिक्षा–दीक्षा** दिने काम गर्दछ ।

एसओएस बालग्रामले शिक्षालाई पनि उत्तिकै महत्व दिने गरेको छ । त्यसैले हाम्रो देशका विभिन्न ७ वटा स्थानमा गुणस्तरीय शिक्षा प्रदान गर्न **हर्मन माइनर विद्यालय**हरू सञ्चालन गरेको छ । ती विद्यालयहरूमा पनि विपन्न र अभिभावक गुमाएका वा गुमाउने जोखिममा रहेका बालबालिकाले निःशुल्क अध्ययन गर्ने अवसर प्राप्त गरेका छन् । मूलरूपमा एसओएसले बालबालिकाको **संरक्षण, शिक्षा र स्वास्थ्य**मा काम गर्दछ ।




# घ) एसओएस बालग्रामका विभिन्न कार्यक्रमलाई कसरी सघाउन सकिन्छ ?

संसारभरि नै एसओएस बालग्राम विभिन्न सरकार, सङ्घसंस्था र व्यक्तिहरूसँग मिलेर हातेमालो गरी काम गर्दछ । यसले सरकारसँग मिलेर बालमैत्री कानुन र नीति निर्माणमा सघाउँछ । बालबालिकाका लागि गरिने कार्यक्रमहरूमा साझेदारी गर्दछ । सरकारी साधनस्रोतहरू बालबालिकाको हितमा प्रयोग गर्न पैरवी अनि साझेदारी गर्दछ ।

एसओएस बालग्रामले विभिन्न सङ्घसंस्थाहरूसँग मिलेर पनि काम गर्दछ । सङ्घसंस्थाहरूले यसलाई पैसा वा अरू साधनहरू दिएर पनि मद्दत गर्दछन् । यसको विकास र निरन्तरतामा व्यावसायिक सङ्घसंस्थाहरूको पनि उत्तिकै सहयोग रहिआएको छ ।

व्यक्तिहरूले पनि एसओएसलाई दान गरी सहयोग गर्दैआएका छन् । वास्तवमा एसओएस बालग्रामलाई व्यक्तिहरूबाट ठूलो सहयोग प्राप्त भएको छ । यी दानी व्यक्तिहरू एसओएस बालग्रामका बालबालिकाका स्पोन्सर बनेर सहयोग गरिरहेका छन् । कतिपय व्यक्तिहरू बालग्रामकै स्पोन्सर बनेका पनि छन् ।



तपाईं पनि एसओएस बालग्राम र यहाँ रहेका बालबालिकाको स्पोन्सर बन्न सक्नुहुन्छ ।

## ङ) एसओएस बालग्रामले काम गर्ने आधारहरू केके हुन् ?

**यस संस्थाको मूल्य–मान्यताहरू :**

१) **संस्थाको लक्ष्य** : प्रत्येक बालबालिकाले माया, सम्मान तथा सुरक्षाका साथ पविारमा हुर्कन पाउनुपर्छ ।



- **साहस** : यो संस्था तत्काल कार्य गर्दछ । यो संस्था बालबालिकाका लागि आफ्नो काममा विगत सात दशकदेखि निरन्तर नवीनता ल्याई काम गरिरहेको छ र स्थानीय समुदाय एवं प्रत्येक बालबालिकाका भिन्न वास्तविकताहरूलाई सम्बोधन गरिरहेको छ ।



- **प्रतिवद्धता** : यो संस्था आफ्ना सङ्कल्पहरू जसरी पनि पूरा गर्दछ । यो संस्था बालबालिका तथा उनीहरूको समुदायप्रति दीर्घकालीन प्रतिवद्धता व्यक्त गर्दछ र उनीहरूलाई जीवनमा सफल हुन सहयोग पुग्नेगरी गुणस्तरीय सेवा प्रदान गर्दछ ।



- **विश्वास** : यो संस्था एकअर्कालाई विश्वास गर्दछ । यसका ध्येय प्राप्तिका लागि परस्पर विश्वासको वातावरण सिर्जना गरी सामूहिक कार्यको भावनाले यो संस्था सम्पूर्ण सरोकारवालाहरूसँग काम गर्दछ ।





- **जवाफदेहिता :** यो संस्था भरपर्दो साझेदार हो । बालबालिका, समुदाय, साझेदार र दाताहरूप्रति यो संस्था सदैव जवाफदेही रहेको छ . गुणस्तरीय हेरचाह सुनिश्चित गर्नु यस संस्थाको सबैभन्दा महत्वपूर्ण जिम्मेवारी हो ।



# खण्ड ङ





# प्रकाशकीय

घटना (क)

## मन हुनुपर्छ

विसं. २०७२ को भूकम्पले धेरै नै प्रभाव पारेको क्षेत्र नुवाकोटको गडखारमा एसओएसका तर्फबाट हामीले बालबालिकालाई सुरक्षित राख्न विविध कार्यक्रमहरू सञ्चालन गरेका थियौँ । कार्यक्रम मुख्यरूपमा बालबालिका केन्द्रित थियो। हामीले त्यहाँ सञ्चालित केन्द्रमा बालबालिकालाई बिहान नास्ता, दिउँसो खाजा र घर फर्कने वेलामा पनि केही खाजा दिन्थ्यौँ । त्यहाँ अनौपचारीक स्कुल कार्यक्रमहरू पनि सञ्चालन गरेका थियौँ। यसका अतिरिक्त किताब, कापी, स्कुलको युनिफर्म, जाडोको लुगा, जुत्ता आदि पनि उपलब्ध गराएका थियौँ। बालबालिका बिहानै आएर विभिन्न गतिविधिमा संलग्नहुदै साँझसम्मै हाम्रो केन्द्रमा बस्दथे ।

हामीमार्फत् सहयोग गर्ने भनेर काठमाडौँबाट केही साथीहरूले हाम्रो केन्द्रका बालबालिकाका लागि चप्पल ल्याइदिनुभयो । हामीले उपस्थित भएका सबै बालबालिकालाई चप्पल बाँड्यौँ। केही जोर चप्पल बाँकी रह्यो। अर्को दिन साँझपख छजना बालबालिका आएर हिजो आफूहरू केन्द्रमा नभएकोले चप्पल नपाएको गुनासो गरे। हामीले स्टोरबाट चप्पलको झोला झिकेर ल्याउनुअगाडि नै उनीहरू लाइनमा बसिसकेका थिए। चप्पल पाँच जोर मात्र रहेछन्। अगाडि उभिएकी बालिकाले चप्पल गनिन् अनि पछाडि लाइनमा बसेका साथीहरूलाई हेरेर भनिन्, "सर मेरो यो जुत्ता अरू केही महिना टिक्छ जस्तो देखिन्छ। यसैले यी नयाँ चप्पलहरू मेरा साथीहरूलाई दिनुस्। एकजोर नपुग्ने रहेछ, म लिन्नँ।"

हामीले केही भनेनौँ चुपचाप उनैको कुरा मान्यौँ, बाँकी रहेका उनका साथीहरूलाई चप्पल दियौँ। उनीहरू सबै खुसी भए, नयाँ चप्पल नपाएकी बालिकाको अनुहार पनि उत्तिकै खुसी देखिन्थ्यो, जत्तिको खुसी चप्पल पाउनेको अनुहारमा झल्कन्थ्यो । ती बालिकाले देखाएको त्यो आदर्श साँच्चिकै उदाहरणीय थियो। उनमा देखिएको त्याग, सामाजिक न्यायको भाव अनि सेवाको नमुना साँच्चै नै कदरयोग्य थियो ।



## घटना (ख)

# सहयोगी हातहरू

कक्षामा गुरूआमाले भन्नुभयो, "हाम्रो स्कुलले दुर्गमक्षेत्रको स्कुलसँग सहकार्य गर्ने निर्णय गरेको छ । हामीले त्यहाँको स्कुललाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउनेप्रतिवद्धतासमेत प्रकट गरेका छौँ । हामीले सहकार्य गर्ने स्कुलमा पढ्न आउने विद्यार्थीहरूलाई आवश्यक पर्ने पोसाक, ब्याग र जुत्ता हाम्रा विद्यार्थीहरूबाट सहयोग जुटाई व्यवस्था गर्न सकिन्छ कि भन्ने ठानेका छौँ । तिमीहरू के भन्दछौ ? हामीले मोटामोटी हिसाब गर्दा एकजना विद्यार्थीको लागि रू. २,०००। पर्ने देखिन्छ ।"

त्यसदिन स्कुलबाट घर फर्किएपछि अनिलले गुरूआमाले भन्नुभएको कुरा आफ्ना बाआमासँग भने । बाबाले स्कुलको योजनामा सहमति त जनाउनुभयो तर पैसा त्यत्तिकै भने नदिने कुरा बताउनुभयो । बरू, स्कुलमा लानुपर्ने पैसा तिमीले कमाएर लानुपर्दछ र त्यसका लागि तिमीले काम गर्नुपर्दछ । अनिलले बाबाको कुरामा सहमति जनाए र काम गर्न राजी भए । हप्ताको रू. ५०० को दरले पैसा पाउने गरी उनी ४ हप्तासम्म काम गर्न तयार भए । उनले गर्नुपर्ने काम तय भयो । अनिलको काम भनेको आमा बिहान



उठेदेखि राती नसुतेसम्म उहाँले गर्नुहुने सबै कामको विवरण तयार गर्नुपर्ने थियो । काम रमाइलो नै थियो । अनिलले बाबाको सर्त सहजै मञ्जुर गरे ।

बाबालाई विहानै अफिस जानुपर्थ्यो र उहाँ साँझमात्र फर्कनुहुन्थ्यो । आमाको पनि अफिस थियो तर आमा विहान ९ बजे गएर साँझ ६ बजे नै फर्कनहुन्थ्यो ।

पहिलो साता अनिललाई रमाइलै लाग्यो, आमाले गर्नुहुने कामको विवरण तयार गर्न । दोस्रो साता उनले आमाको कामलाई अझ राम्ररी घ्यान दिएर हेरे, तेस्रो र चौथो साता उनले आमालाई सक्दो सघाए पनि । रमाइलो कुरा के भयो भने उनले सघाउन थालेदेखि आमाले एक्लै गर्दा साँझसम्म लाग्ने कामहरू मिलेर गर्दा तीन–चार बजेनै सिद्धियो पनि । त्यो अन्तिम साता अनिलले आफूले बनाएको विवरण बाबालाई बुझाएर पैसा पनि बुझिलिए । भोलिपल्ट स्कुलमा पैसा बुझाउँदा उनलाई अति आनन्द लाग्यो । उनले गर्व गर्नसके कि मैले यो पैसा काम गरेर कमाएको हुँ । त्यसभन्दा अघि उनले त्यस्तोगर्व कहिल्यै महसुस गर्न पाएका थिएनन् ।

त्यसपछि आफ्नो गृहकार्य सकिनेबित्तिकै अनिलले दिनदिनै आमालाई काममा सघाउन थाले । उनले त्यसबापत बाबासँग ज्याला पनि मागेनन् । सबै मिलेर घरको काम गर्दा परिवारमा जुन खुसी आयो, त्यो नै लाख थियो ।

### घटना (ग)

## म छु नि साथी

निशालाई आफ्नो स्कुलका बारेमा बाआमालाई केही कुरा भन्नु थियो तर विहानै उहाँहरू काममा निस्कनुभयो । उनले अब के गर्ने – के नगर्ने भन्ने कुराको सुरै पाइनन् । धेरैबेर सोचेपछि उनले दराजमा राखेको खुत्रुके निकालेर फुटाइन् । त्यसमा थुप्रै पैसा जम्मा भएको रहेछ । उनले त्यसबाट रू. ४,०००।– झिकेर अरू बाँकी पैसा कपडामा पोको पारेर दराजमा नै राखिन् ।



स्कुलमा प्रतिभालाई रू. २,०००।– दिँदै निशाले भनिन्, "ल यो तिम्रो पैसा अनि यो मेरो, आज सरलाई दिने है ।" प्रतिभाले पैसा लिन पटक्कै मानिनन् र भनिन्, "यो भ्रमणमा नजाँदा के बिग्रन्छ र अरू साथीहरू पनि त नजाने होलान् नि ।"

निशाले उनलाई सम्झाउँदै भनिन्, "सबै साथीसँग यात्रा गर्दा ज्यादै रमाइलो हुन्छ । फेरि तिमी नजाने कारण अरूकेही नभएर घरमा बाआमाको पैसा दिने स्थिति नभएर हो भन्दा त साथीहरूले त्यो समस्या बुझ्दैनन् नि । यो पैसा मैले तिमीलाई सापटी दिएकी हुँ, पछि तिमी आफैँ कमाउन सक्ने भएपछि तिर्नु, त्यसमा पनि ब्याज जोडेर ।" प्रतिभाले हाँस्दै पैसा लिइन्, उनले केही बोल्न सकिनन् ।

साँझ बाबाआमा सबैसँगै हुँदा निशाले बिहानको घटना बताइन् र बाँकी रहेको पैसा उहाँहरूको अगाडि राखिदिइन् । आमाले हाँस्दै भन्नुभयो, "हामीलाई प्रतिभाले अघि नै बाटोमा भेट्दा यो सबै कुरा भनिसकेकी थिइन् । तर तिमीले नै स्पष्ट पार्दा हामीलाई झनै खुसी लाग्यो । हुन त त्यो वचत तिम्रो आफ्नो हो तर परिवारमा यस्ता कुरा खुलस्त राख्दा हामी सबैलाई खुसी लाग्छ । परिवारमा उत्पन्न हुने द्विविधा पनि हट्छ ।"

### घटना (घ)

## सानो प्रयासले ठूलो प्रभाव पार्नसक्छ

अमोघले आफ्ना सबै किताबहरू राम्रोसँग मिलाएर प्याक बनाए, झोलामा राखे र झोला बोकेर स्कुल गए । सबै किताबहरू एकैचोटि बोक्दा भने गाऱ्हे भयो ।

"अनु दिदी तपाईंको किताब मलाई दिनूस् न है ।" अनुले अमोघको अनुरोधलाई सहजै स्वीकार्दै सोधिन्, "अनि तिमीले आफ्नो किताबचाहिँ के गर्छौ नि ?" "ए त्यो त अहिले भर्खरै प्रमोदलाई दिइसकेँ । उनले पोहोर पनि मेरै किताब लिएर पढेका हुन् ।" अनुको प्रश्न नसिद्धिँदै अमोघले भने ।



एक हप्तापछि स्कुलको नयाँ सत्र सुरू भयो । अनुले दिएका किताबहरू लिएर अमोघ घर पुगे र आमालाई देखाए । आमाले किन यसो गरेको त भन्दा अमोघको उत्तर थियो, "किताब पढ्ने र यसबाट सिक्ने न हो, नयाँबाट धेरै र पुरानोबाट कम सिकिने भन्ने पनि त होइन नि । अर्को कुरा किताबका लागि चाहिने कागज बनाउन रूखहरू काट्नु पर्छ रे । यसैले जतनसाथ किताबहरू प्रयोग गऱ्यो भने त रूखहरू जोगाउन पनि सकिँदो रहेछ नि आमा ।"

उनको कुरा सुनेर आमा छक्क पर्नुभयो र खुसी हुँदै भन्नुभयो, "त्यसो त तिमीले घरको केही वचत पनि गऱ्यौ नि, छोरा । वचत गर्नु भनेको पनि एक प्रकारले कमाउनु वा आम्दानी गर्नुनै हो ।"





# र, अन्त्यमा हाम्रो कुरा...

हामी संमृद्ध देशको कल्पना गर्छौं । त्यसको आधार भनेको सचेत र इमानदार नागरिक हो, जो आफ्नो अधिकारप्रति सचेत रहन्छ र आफूले गर्नुपर्ने कर्त्तव्य पूरा गर्छ । असल नागरिकले अरूको अधिकारको सम्मान गर्दछ, आफू पनि अन्याय गर्दैन र अरूले गरेको पनि सहँदैन । अनि अरूमाथि भएको थिचोमिचो चुपचाप हेरेर बस्दैन पनि, त्यसको विरूद्ध आवाज उठाइरहन्छ ।

विकासको पहिलो पाइला या भनौँ यात्राको पहिलो कदम घर-परिवार बाट सुरू हुन्छ । घर-परिवारमा देखाउने हाम्रा व्यवहारले नै हामी कस्तो यात्राको सुरूवात गर्दैछौँ भन्ने कुरा स्पष्ट पार्दछ ।

हाम्रो बुझाइमा प्रत्येक बालबालिकाको आफ्नो परिवार हुन्छ, जहाँ उनीहरूले माया, स्नेह पाउँदछन्, सुरक्षित छु भन्ने कुरा अनुभूति गर्दछन्, आत्म सन्मानकासाथ आफ्नो विकास गर्न अवसरहरू पाउँदछन् । तर, सबै बालबालिकाको स्थिति भने त्यस्तो हुँदैन । कतिपयले आफ्नो अभिभावकको संरक्षकत्व गुमाएका हुन्छन् त अरू कतिपय गुमाउने स्थितिमा पुगेका हुन्छन् । यस्ता अप्ठ्यारो र जोखिममा परेका बालबालिका र उनका परिवारसँग काम गर्दैजाँदा माथि उल्लेख गरिएका घटनाका पात्रहरूसँग भेट्ने मौका मिलेको हो । उनीहरूले देखाएको व्यवहारले हामीलाई एकदम उत्साहित बनायो; हामी यस्ता सहयोगी मन भएका बालबालिकासँगै काम गरिरहेका छौँ भन्ने कुरामा गर्व लाग्यो । हाम्रो कामलाई यस्तै प्रकारका सहयोगीहरूको उपस्थितिले सजिलो बनाएको हो भन्ने हामीलाई लागेको छ ।

तपाईंहरू हामीसँग जोडिन सक्नुहुन्छ, यस्तै उदाहरणीय काम गरेर । काम सानो या ठूलो जत्रो पनि हुनसक्छ तर त्यसले कसैको जीवनमा सहयोग पुगेको हुनुपर्दछ । सहयोग पाउने व्यक्ति तपाईंकै परिवारकै कुनै सदस्य वा घरपरिवारभन्दा बाहिरका कुनै व्यक्ति हुन सक्दछन् ।



आफूले गरेका यस्ता उदाहरणीय कामका बारेमा तपाईं हामीलाई लेख्नुहोस् । हामी यस्ता प्रयासहरूका बारेमा समाजका अरू धेरै व्यक्तिसम्म पुऱ्याउने काम गर्दछौँ । र, भन्नेछौँ हाम्रा आशाका दीपहरू धेरैछन् ।

यो पुस्तक बालबालिकाको अधिकारको सँगालोको रूपमा तयार पारिएको हो । यसले तपाईंको यात्रालाई अझै सुगम बनाउनेछ भन्ने हामीले आशा लिएका छौँ ।

तपाईंहरू सबैको यात्रा शुभ रहोस् ।

धन्यवाद ।

-एसओएस बालग्राम नेपाल





# मेरो देश नेपालप्रतिको मेरो प्रतिबद्धता

..............................प्रदेश.................................जिल्ला.....................................गाउँपालिका/ नगरपालिका /उप–महानगरपालिका/महानगरपालिकाको वडा नं. ................. स्थित श्री ............................................................................................................ बिद्यालयमा, कक्षा......................मा अध्ययनरत बिद्यार्थी म.......................................................................

मेरो जन्मभूमि नेपाल देशको संविधानलाई सम्मानगर्दै म यो प्रतिबद्धता गर्दछु कि म नेपालको संविधान (२०७२) ले प्रदान गरेको मौलिकहक पूर्ण रूपमा उपभोग गर्नेछु । म सदैब संविधानले दिएको अधिकारको रक्षागर्नुका साथै आफूबाट अरूको हकअधिकार हनन् हुन नदिनकालागि समेत प्रयत्न गर्नेछु । देशको संविधान तथा कानूनले मबाट अपेक्षा गरेको कर्तव्यलाई म सँधै पूरा गर्नेछु । मेरो वा मैले गरेको कामबाट मेरो परिवार, साथी, समाज र देश सबैले म प्रतिगर्व गर्न सकून भन्ने कुरामा म सँधै प्रयत्नशील रहनेछु ।

...............................................

**हस्ताक्षर**
**नामथरः**
**मितिः**

यो पुस्तक प्राप्तगरिसकेपछि यसमा भएका सामाग्रीले तपाईलाई आफ्नो अधिकार र कर्तव्यबारे केही जानकार गरायो होला भन्नेमा हामी विश्वस्त छौ । यसैले, माथिका प्रतिबद्धता भरी, हस्ताक्षर गरी त्यसको प्रति info@sosnepal.org.np मा पठाउन हामी तपाईहरू सबैमा अनुरोध गर्दछौ । – प्रकाशक



# एसओएस बालग्राम नेपालको कार्यक्रमहरु




१० एसओएस बालग्राम

१० युवालय

१३ परिवार सुदृढिकरण कार्यक्रम

७ हर्मन माइनर विद्यालय

१ शिशु कक्षा कार्यक्रम

३ व्यवसायिक प्रशिक्षण केन्द्र

१ चिकित्सा केन्द्र

एसओएस बालग्राम नेपाल

एसओएस बालग्राम नेपाल, मध्यपुर २, थिमी, भक्तपुर, पो.ब.नं ७५७, काठमाडौं, फोन नं. ६६३०२९१, ईमेल info@sosnepal.org.np